[redacted] चितवन पोष्ट [redacted]
CHITWAN POST DAILY
चि.जि.प्र.का.द.नं.१०/५४/५५
चि.जि.हु.द.नं.११/५८/५९
[redacted]
वर्ष २०, अङ्क १७५, २०७३ माघ ३ गते सोमबार

# रत्ननगरमा पाँच ठूला आयोजना निर्माणको तयारी

## क्षेत्रीय रंगशालादेखि चक्रपथसम्म

-होमनाथ सापकोटा

रत्ननगर । रत्ननगर नगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ मा पाँच ठूला आयोजना निर्माण गर्ने तयारी गरेको छ ।

नगरको चौतर्फी विकास र बजारीकरणाको लागि नगरपालिकाले पाँच ठूला योजना निर्माण गर्ने तयारी गरेको हो । ठूला योजनामा पर्यटन विकाससँगै खेलकुद तथा बजारीकरणलाई प्राथमिकता दिइएको छ ।

नगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ मा सुविधा सम्पन्न बसपार्क, बहुउद्देश्यीय कर्भड हल, क्षेत्रीयस्तरको रंगशाला, सपिङ कम्प्लेक्स र नगरमा चक्रपथ निर्माण गर्ने तयारी गरेको नगरपालिकाका कार्यकारी अधिकृत काशिराम गैरेले जानकारी दिए । नगरपालिकाले गत पुस २८ गते महत्वपूर्ण पाँच ठूला योजनासहित ३० करोड २१ लाख २१ हजारको बजेट र नीति तथा कार्यक्रम सार्वजनिक गरेको थियो ।

बसपार्क निर्माणको लागि नगरपालिकाले सम्भाव्यता अध्ययन तथा डिजाइनको लागि १० लाख विनियोजन गरेको छ । बसपार्क टाँडी बजार क्षेत्रमै निर्माण गर्ने योजना रहेको कार्यकारी अधिकृत गैरेले बताए । 'नगरपालिका गठन भएको लामो समय भइसक्दा पनि हाम्रो नगरपालिकामा व्यवस्थित बसपार्क छैन', उनले भने, 'यो लज्जास्पद कुरा पनि हो, आर्थिक वर्ष २०७४/०७५ मा हामी रत्ननगरमा बसपार्क निर्माण गर्ने तयारीमा छौं ।'

रत्ननगरमा अहिले चार लेन सडक निर्माणको काम भइरहे पनि सवारी पार्किङ गर्ने ठाउँको अभाव रहेको छ । पार्किङ क्षेत्रको अभाव हुने भन्दै कार्यकारी अधिकृत गैरेले रत्ननगरका लागि बसपार्क अनिवार्य सर्त बनिसकेको बताए । बहुउद्देश्यीय कर्भड हलको लागि पनि नगरपालिकाले १० लाख रुपैयाँ विनियोजन गरेको छ । कर्भड हल वडा नम्बर ४ मा निर्माण गरिने छ ।



रत्ननगरसहित समग्र चितवनको खेलकुदको विकासको लागि पनि कभर्ड हल आवश्यक रहेको भन्दै नगरपालिकाका लेखा अधिकृत सीताराम पोखरेलले आर्थिक वर्ष २०७४/०७५ मा कभर्ड हल निर्माण प्रक्रिया सुरु गर्ने बताए । रत्ननगरको टाँडी बजार चितवनकै दोस्रो ठूलो बजार हो । व्यवस्थित हुन नसक्दा यस क्षेत्रमा किनमेल गर्न आउने मान्छेको संख्या निकै कम हुने गरेको छ ।

ठूला सामग्री खरिद गर्नु पर्‍यो भने यस क्षेत्रका मानिसको रोजाइ नारायणगढ पर्ने गरेको छ । टाँडी बजारमा सबै चिज पाइन्छ भन्ने वातावरण यहाँका व्यवसायीहरूले बनाउन सकेका छैनन् । यसैलाई मध्यनजर गरी रत्ननगर नगरपालिकाले टाँडीमा सुविधा सम्पन्न सपिङ कम्प्लेक्स बनाउने योजना बनाएको छ ।

सपिङ कम्प्लेक्स निर्माणको लागि सम्भाव्यता अध्ययन गरी प्रक्रिया अगाडि बढाउन पहिलो चरणमा पाँच लाख रुपैयाँ विनियोजनसमेत गरेको लेखा अधिकृत पोखरेलले बताए । सपिङ कम्प्लेक्स सञ्चालनमा आएपछि बजारमा चहलपहल पनि बढ्ने र नगरपालिकाको आन्तरिक आम्दानी पनि बढाउने योजना अनुरूप सपिङ कम्प्लेक्स निर्माण गर्न लागिएको उनले बताए ।

रत्ननगर मुलुककै तेस्रो पर्यटकीय गन्तव्य सौराहा रहेको नगरपालिका हो । सौराहालाई ग्रामीण क्षेत्रका ठाउँहरू जोड्ने उद्देश्यले नगरपालिकाले यहाँ चक्रपथ निर्माण गर्न लागेको छ । यसका लागि नगरपालिकाले २१ औं नगरपरिषद्बाट सात लाख रुपैयाँसमेत विनियोजन गरेको छ । सरकारले टिकौलीमा निर्माण गर्ने भनेर शिलान्यास गरेको क्षेत्रीयस्तरको रंगशाला वर्षौं बितिसक्दा पनि बन्न सकेको छैन । वन तथा वन्यजन्तुलाई असर गर्ने भन्दै टिकौलीमा गर्ने भनिएको रंगशाला निर्माणको काम मन्त्रालयबाटै रोकियो ।

तर, निर्माण हुने आशामा भने चितवनबासी रहेका छन । नगरपालिकाले २१ औं नगरपरिषद्मा सार्वजनिक गरेको नीति तथा कार्यक्रममा रत्ननगर नगरपालिकाको अन्य क्षेत्रमा क्षेत्रीयस्तरको रंगशाला निर्माण गर्ने योजना अघि सारेको छ । रत्ननगरको सिसुवारमा विवाद नभए रंगशाला निर्माण गर्न सकिने लेखा अधिकृत पोखरेलले बताए ।

सिसुवारमा विवाद नभएर निर्धक्क साथ रंगशाला बनाउने वातावरण तयार भए नगरपालिकाले बजेट विनियोजन गरेरै निर्माण सुरु गर्ने उनको भनाइ छ । नगरपालिकास्तरबाट रंगशाला निर्माणको काममा बजेटले नभ्याउने भन्दै उनले सरकारसँग बजेट माग गरेर भए पनि रंगशाला बनाउने योजना रहेको लेखा अधिकृत पोखरेलले बताए ।

नगरपालिकाका योजना शाखा प्रमुख प्रकाशचन्द्र ढुंगानाले आर्थिक वर्ष २०७४/७५ को लागि सार्वजनिक गरेको बजेट, नीति तथा कार्यक्रममा समावेश गरिएका पाँच ठूलो योजना निर्माण हुन सके रत्ननगर नगरपालिका हरेक तवरले निपूर्ण हुने तर्क गरे । उनले आर्थिक वर्ष २०७४/७५ नगरपालिकाले निर्माण वर्षको रूपमा मनाउन लागेको बताए ।